# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: ८८८

(बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू) गण्डकी प्रदेश, नेपाल २०७३)

मिति : २०८१/०६/१६

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८१/०६/१८ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

# मिति २०८१/०६/१८ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु

१. नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
२. निवृत कर्मचारीलाई उपदान सम्बन्धमा ।
३. सडक मर्मत सम्भार सम्बन्धमा ।
४. सेक्युरिटी गार्ड व्यवस्थापन सम्बन्धमा ।
५. विविध विषयका सम्बन्धमा ।

CamScanner

आज मिति २०८१/०६/१८ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | [signature] | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | [signature] | श्री डिल कुमारी के.सी. सारु मगर | कार्यवाहक अध्यक्ष/उपाध्यक्ष |
| ३ | [signature] | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | [signature] | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | [signature] | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | [signature] | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | Deumaya | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | Tika | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | [signature] | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | [signature] | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति

१६. [signature] श्री बुद्धि प्रसाद दुवेदी ले.अ.

१७. [signature] श्री निला थापा क.प्र.अ.

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०६/१८ गतेको आ.व. २०८१/०८२ को तेस्रो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा उमेर हदका कारण स्वतः अवकाश हुनुभएका सहायकस्तर पाँचौ, वडा सचिव श्री नारायण प्रसाद ओझालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराको प.सं. च.नं. मिति को पत्र बमोजिम कार्यरत कार्यालयबाट नै निवृत उपदान रकम उपलब्ध गराउने भनिएकोमा सोहि बमोजिम गर्ने भनी निर्णय गरियो ।

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आउंदै गरेको चाडपर्वलाई लक्षित गरी सडक मर्मत सम्भारको लागि गाउँपालिकाको ब्याकहो लोडर सहित अन्य ३ वटा ब्याकहो लोडर भाडामा लिई बिग्रिएको सडक सुचारु गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडाका वडा सदस्यहरुले प्रत्यक्ष निगरानी गरी भाडामा चल्ने ब्याकहो लोडरको दैनिक विवरणको रेकर्ड राखी पूर्वाधार विकास शाखामा पेश गर्ने भनी निर्णय गरियो ।

**निर्णय नं.४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको प्रशासकीय भवन तथा गाउँपालिकाका विभिन्न क्षेत्रहरुको सुरक्षा प्रयोजनार्थ नगर प्रहरी व्यवस्थापनको लागि सेक्युरिटी गार्ड कम्पनीमा सम्पर्क गरी ३ जना नगर प्रहरी भर्ना गर्ने व्यवस्था मिलाउने भनी निर्णय गरियो ।

**निर्णय नं.५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकाको प्रशासकीय भवन र १५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न भईसकेको हुँदा उद्घाटन समारोहको लागि गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझाको संयोजकत्वमा समिति गठन गरी सोहि समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०६/१८ गतेको आ.व. २०८१/०८२ को तेस्रो बैठकका निर्णयहरु :

- विजयादशमी २०८१ को शुभ अवसरमा छिमेकि गाउँपालिका/नगरपालिकालाई आमन्त्रण गरी शुभकामना आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँको प.सं. २०८१/०८२ च.नं. १४५ मिति २०८१/०६/१४ गतेको पत्र प्राप्त भई ताहाँ कार्यालयबाट यस गाउँपालिकामा संचालन हुने आयोजनाहरुको विवरण सम्बन्धित वडाहरुमा जानकारी गराउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. ५, बबक निवासी वर्ष ६१ का श्री हर्ष बहादुर लुंगेलीको घरको छानो सबै चुहिने र घरको आर्थिक अवस्था पनि कमजोर रहेको भनी निवेदन प्राप्त भएकोले प्राविधिकको इस्टिमेट बमोजिम जस्ता पाता छाउन "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट रकम भुक्तानी गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. ३, रकुवाको प्राप्त पत्रअनुसार दीपज्योति समाज सेवा केन्द्र, रकुवा र श्री रकुवा खेलकुद तथा सांस्कृतिक समितिले मिति २०८१ असोज २० गतेदेखि २४ गतेसम्म संचालन गर्न लागेको वडा स्तरीय पुरुष भलिबल प्रतियोगिताको लागि रु. २५,०००/- "**खेलकुद प्रवर्द्धनका लागि खेलाडी प्रोत्साहन कार्यक्रम**" शिर्षकबाट सहयोग गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. ४, रुचाङ्ग स्थित श्री चारडाँडा कृषक समूहले मिति २०८१ असोज २४ गतेदेखि आयोजना गर्न लागेको भलिबल प्रतियोगिताको लागि रु. २५,०००/- "**खेलकुद प्रवर्द्धनका लागि खेलाडी प्रोत्साहन कार्यक्रम**" शिर्षकबाट सहयोग गर्ने भनी निर्णय गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८१/०८२ च.नं. ९८ मिति २०८१ असोज १४ गतेको पत्रसाथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रमा उल्लेखित व्यहोरा अवगत भई सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।
- राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश, पोखराको च.नं. ३१ मिति २०८१/०५/१२ गतेको प्राप्त पत्र अनुसार द्वन्द्वपिडित महिला तथा बालिकाको न्याय सम्बन्धमा महिला, शान्ति र सुरक्षा कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना लागू गरेको व्यहोरा अवगत भई गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझाको संयोजकत्वमा दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि तपसिल बमोजिम स्थानीय समिति गठन गर्ने निर्णय गरियो ।
  - ➢ गाउँपालिका अध्यक्ष — संयोजक
  - ➢ गाउँपालिका उपाध्यक्ष — सह-संयोजक
  - ➢ प्रमुख प्रशासकीय अधिकृत — सदस्य

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०६/१८ गतेको आ.व. २०८१/०८२ को तेस्रो बैठकका निर्णयहरु :

- ➢ शैक्षिक प्रशासन शाखा प्रमुख — सदस्य
- ➢ योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य
- ➢ स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख — सदस्य
- ➢ सामाजिक विकास समितिको संयोजक — सदस्य
- ➢ न्यायिक समितिको सदस्य — सदस्य
- ➢ कार्यपालिका महिला सदस्य — सदस्य
- ➢ द्वन्द्व प्रभावित क्षेत्रमा कार्यरत सामाजिक संघ संस्था मध्ये कुनै एक — सदस्य
- ➢ द्वन्द्व प्रभावित महिला संजालले सिफारिस गरेका दुई जना — सदस्य (तत्कालिन विद्रोही पक्ष र राज्य पक्षबाट प्रभावित महिला) — १/१
- ➢ जिल्ला प्रशासन कार्यालय/प्रतिनिधि — सदस्य
- ➢ वडाध्यक्ष मध्येबाट दुई जना — सदस्य

- बौदीकाली गाउँपालिका वडा नं. ३, रकुवामा संचालन हुने गरी ९ सदस्यीय सिउन युवा क्लवलाई दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँ खहरेमा सांस्कृतिक संरक्षण गर्ने उद्देश्यका साथ काठको चार पिर्के पिङ्ग (राटे पिङ्ग) निर्माणका लागि **"विभिन्न जातजाति, कला, संस्कृति संरक्षण"** शिर्षकबाट रु. ३०,०००/- (रुपैया तिस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो।